मिक्वाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सामाजिक विकास शाखा
(आधारभूत स्वास्थ्य तथा सरसफाई उपशाखा)

सााँवा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(मितिः २०७४/०८/११)

नेपाल सरकारको सशर्त अनुदान मार्फत मिक्वाखोला गाउँपालिकामा वित्तीय हस्तान्तरण भएको कार्यक्रम बमोजिम स्वास्थ्य चौकीहरुमा २४ घण्टा प्रसुति सेवा सञ्चालन गर्न अ.न.मी. करारमा नियुक्त गर्नुपर्ने भएबाट इच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको website:www.mikwakholamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|
| १०४/०७४-०७५ | अ.न.मी. | ४ (चार) | लिखित र अन्तर्वार्ता | |

**परीक्षा केन्द्रः-** गाउँ कार्यपालिकाको कार्यालयले पछि निर्धारण गरे अनुसार हुनेछ ।

**आवश्यक न्यूनतम योग्यताः-** मान्यता प्राप्त संस्थाबाट अ.न.मी. कोर्स उतीर्ण ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले उपर्युक्त बमोजिमको परीक्षा दस्तुर रकम साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण, आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणित प्रतिलिपिहरुसाथ राखी रीतपूर्वकको आवेदन फाराम भरी हुलाक तथा यस कार्यालयको ईमेल ठेगाना mikwakhola.rm@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने तर महिला र अपाङ्गको उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७४/०८/२५ गते सम्म र उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन ।

**दरखास्त दस्तुरः-** रु. ३००.०० (तीन सय) ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-** मिक्वाखोला गाउँ कार्यपालिकाको कार्यालय, साँवा ताप्लेजुङमा बुझाउन सकिनेछ ।

**परीक्षा कार्यक्रमः-** लिखित तथा अन्तर्वार्ता ।

**परीक्षा मितिः-** २०७४/०८/२८ दिउँसो ०२:००-०२:४५ बजे ।

**तलबः-** सेवा करार सम्झौता बमोजिम हुने ।

....................................

(ललित नारायण यादव)

स्वास्थ्य तथा सरसफाई शाखा संयोजक